# नरहरिनाथ गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## कुमालगाउँ कालिकोट
कर्णाली प्रदेश नेपाल

पत्र संख्या : २०७९/०८०
चलानी नं :—

**असिष्टेन्ट सब -इन्जिनियर करारमा पदपूर्ति सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः- २०७९/१०/२३)

प्रस्तुत विषयमा यस नरहरिनाथ गाउँपालिकामा रिक्त रहेको असिष्टेन्ट सब- इन्जिनियर पदमा माग संख्या तीन जनाको लागि मिति २०७९।१०।१८ गतेको गाउँ कार्यपालिकाको निर्णय अनुसार भौतिक पूर्वाधार विकास शाखामा असिष्टेन्ट सब- इन्जिनीयर पदमा (३) तीन जनाको लागि खुला प्रतिस्पर्धाको माध्यमबाट करार सेवामा पद पूर्ति गर्नु पर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेको इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमको विवरण र नरहरिनाथ गाउँपालिकाको नाममा कृषि विकास बैंकमा रहेको आन्तरिक राजस्व खाता नम्बर ०७२६००१५७४६७२२२३ मा राजस्व तिरेको बैंक भौचर सहित निवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १ | ०६/२०७९/८० | असिष्टेन्ट सब-इन्जिनियर | सहायक चौथो तह | ३ जना |

१.आवश्यक न्यूनतम योग्यता र कार्य अनुभव

(क ) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट TSLC वा सो सरह उर्तिण गरेको।

(ख) दरखास्त दिने दिनको अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको ।

(ग) सम्बन्धीत क्षेत्रमा कार्य अनुभव भएको लाई प्राथमीकता दिईनेछ।

(घ) भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरि कुनै कारवाही नभएको।

२. दरखास्त दिने स्थानः- नरहरिनाथ गाउँ कार्यपालिकाको कार्यालय कुमालगाउँ, कालिकोट।

३.दरखास्त दिने अन्तिम मितिः- २०७९/११/०८ गते कार्यालय समय भित्र र अन्तिम दिन सार्वजनिक विदा भए त्यसको भोलिपल्ट।

४.आवेदनको दस्तुरः- रु ५००/- (पाँच सय मात्र)

५.छनोटको किसिमः-छोटो सूचि र अन्तरवार्ता।

६.आवेदन साथ संलग्न कागजातहरुः- आवेदक स्वयंमले प्रमाणीत गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपिहरु

(क) नेपाली नागरिकताको प्रमाण पत्र (ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाण पत्रको प्रतिलिपि

(ग) काम सँग सम्बन्धित अनुभव भए सोको प्रतिलिपि (घ) तालिमको प्रमाणपत्र को प्रतिलिपि

(ङ) चारित्रिक प्रमाण पत्र (च) २ प्रति पासपोर्ट साइजको फोटो

७.सेवा सुविधाः- नरहरिनाथ गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधी २०७५ बमोजिम हुनेछ।

८. आवेदनको ढाँचाः- नरहरिनाथ गाउँपालिकाको कार्यालय वा गाउँपालिकाको वेवसाईट www.naraharinathmun.gov.np बाट पनि प्राप्त गर्न सकिनेछ।

९. परिक्षा मितिः -परिक्षा मिति पछि प्रकाशन गरिनेछ।

दुर्गलाल न्यौपाने
नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner